रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७५/०६/२६(अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## रुरु गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

सम्बत २०७५ को ऐन नं. ५ गाउँसभाबाट पारित मिति :२०७५।०६।२६

# रुरु गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

**प्रस्तावना :**

स्थानीय वासिन्दाहरुको आधारमूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न” तथा “स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम रुरु गाउँपालिकाको मिति २०७५।६।२६ मा बसेको चौथो गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनलाई रुरु गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ भनिने छ ।

(ख) गाउ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)“ऐन” भन्नाले रुरु गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले रुरु गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) “ट्रष्ट वा लोककल्याणकारी” भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(छ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अर्न्तगत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार रुरु गाउँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी,आयुर्वेद औषाधालयलाई सम्झनु पर्दछ ।

(ञ) “गाउँपालिका” भन्नाले रुरु गाउँपालिकाको सम्झनु पर्दछ ।

(ट) “प्रमुख” भन्नाले गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) “पोलि क्लिनिक”भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ ।

(ड) “प्रयोग शाला” भन्नाले निदानात्मक सेवाहरु जस्तैः रगत,दिशा,पिसाब तथा खकार इत्यादी जाँच जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ढ) “फार्मेसी” भन्नाले कानून बमोजिम दर्ता भई औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीबाट सेवा प्रदान गर्ने संस्थालाई सम्झनु पर्छ ।

# परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय तथा सामुदायिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायहरु ३ प्रकारका हुनेछन ।

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालनक भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाँउघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी : निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ : आर्थिक लाभ वा नाफाको उद्देश्य नराखी ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गतका निकाय हुनेछन् ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकार र प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक –सदस्य

(घ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको २ जना - सदस्य

(ङ) स्वास्थ्य आमा समूह वा स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने।

(ख) गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृती सम्बन्धी गाउँपालिकालाइ आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च)स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची आद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पँहुच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने।

(ज) गाउँपालिकाका स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(ञ) आफुले गरेको कामको प्रतिवेदन सुझाव सहित प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्ने।

## ६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति ) वा आयुर्वेद औषाद्यालय व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) सम्बन्धीत वडाको वडा अध्यक्ष - अध्यक्ष

(ग) सम्बन्धितवडाध्यक्षले तोकेको व्यक्ति स्वास्थ्य सम्बन्धी जानकार वा समाजसेवि मध्येबाट - उपाध्यक्ष

(घ) स्वास्थ्य क्षेत्रमा क्रियाशिल व्यक्तिहरुलमध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना र महिला स्वयमं सेविकाहरु मध्येबाट १ जना सहित २ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था नजिकको माध्यमिक विद्यालयको प्रधानाध्यापक वा प्रतिनिधि -सदस्य

(च) स्थानीयव्यापार सङ्घको प्रतिनिधि - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य देहाय बमोजिम हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मूल्याङ्कन कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धीत स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैङ्क खाता संचालन** : हरेक स्वास्थ्य संस्थाले बैङ्क खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैङ्क खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परिक्षण प्रचलित कानून तथा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

# परिच्छेद : ३

## स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धी मापदण्ड

**८.अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड**

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५-२५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्न सक्ने छ ।

(क) जनशक्ति : स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अ.न.मी. २ जना आवश्यकता अनुसार सहायक कर्मचारीहरु

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण,

(३) गाउँपालिकाको क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र बैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने छ ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।**

(१) गाउँपालिकाको क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्धारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँपालिकाको ६ महिनाको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा गाउँपालिकाले अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) यस दफा संग सम्वन्धि अन्य व्यवस्था संघिय कनून तथा प्रदेश कानून वमेजिम हुने छ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्ड** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५सैया सम्मको अस्पतालहरुदेहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा २ जना MBBS डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहयोगी स्वास्थ्यकर्मीहरु

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ ,

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सपोर्ट सिष्टम, २४ सै घण्टा विद्युत र खोनपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने छ ।

**११) पोलिक्लिनिक संचालनको अनुमती** :

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, संचालकको विवरण, संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

१२) **प्रयोगशाला वा ल्याबोरेटोरी संचालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा तोकिएको न्यूनतम योग्यता पुरा गरि सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र आवश्यक कागजात सहित काम गर्न इच्छुक भएको आशय पत्र

(४) ल्याबमा उपलब्ध हुने परिक्षणहरुको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

**१३. फार्मेसी संचालनको अनुमती**

(१) रुरु गाउँपालिकाको क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति संचालक रहने गरी फार्मेसी संचालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने छ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सकिने छ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाईएमा अनुगमन समितिले अनुमगन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि यस गाउँपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने छ ।

(३) फार्मेसीको हकमा दर्तावाला संचालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमती खारेज गर्न सकिने छ ।

(४) फार्मेसी संचालनको प्रमाण पत्र सवैले देखिने गरी आफ्नो औषधी पसलमा राख्नु पर्ने छ ।

**१५. सुहलियत र छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुको स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क यस  गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद :४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन** गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहेने छन् :

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट संमायोजित भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिकाले कार्यपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा यस गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१७. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था** : स्वास्थ्य सेवालाई घरघरको पँहुचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिको पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम १० कक्षा उत्तिर्ण गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनपर्ने छ। तर यो ऐन प्रारम्भ हुनु भन्दा पहिला नियुक्ति भई कार्यरत स्वयंसेविका वा पुरुष अभियानकताको हकमा १० कक्षा उत्तिर्ण भन्ने व्यवस्था लागु हुने छैन।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औषत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले यस गाउँपालिकासमक्ष गर्न सक्ने छ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधाभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। यस गाउँपालिका र स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिने छ र नँया नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ।

(५) नयां नियुक्ति हुने महिला स्वयंसेविका वा पुरुष अधियान कर्ताहरुको उमेरको हद ५५ वर्ष हुने छ। तर यो ऐन लागु हुनु भन्दा पहिलै नियुक्ति भएको हकमा उमेरको हद ६० वर्ष हुनेछ।

१८. **स्वास्थ्यकर्मीको सेवा सुविधा** :

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र स्थानीय गाउँकार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबिचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा अभ्यासकर्ता स्वास्थ्यकर्मीले संघिय स्वास्थ्य ऐन बमोजिम भत्ता पाउने छन।

(४) अभियानकर्ता/ स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेका वखत काममा खटाईएमा सो दिनको पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

१९. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति** : सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँपालिकाले निर्धारण गर्नेछ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट संमायोजित भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। संमायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिको करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रित्तै दरबन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना विज्ञ - सदस्य

(ग) गाउँपालिको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनौट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **कर्मचारी सरुवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ३ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्नेछन । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरु अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा यस गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा यस गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतद्वारा यस  गाउँपालिका भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२१. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभवकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा स्वास्थ्य तथा सरसफाई हेर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृत सँग, स्वास्थ्य संस्था प्रमुखहरुलेस्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृत सँग र अन्य कर्मचारीले स्वास्थ्य चौकी मार्फत स्वास्थ्य शाखा हेर्ने अधिकृत सँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएको मुल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्य सम्पानदन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी यस गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **कार्य सम्पादन मुल्याङ्कन र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मुल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मुल्याङ्कन, पुरस्कार र सजाय यस गाउँपालिका कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# परिच्छेद : ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) औषधी तथा स्वास्थ्य सम्बन्धी खरिद कामकार्वाही व्यवस्थित गर्न गउँपालिकामा एक खरिद इकाई रहने छ । खरिद इकाईले औषधी तथा स्वास्थ्य सम्वन्धी खरिद कार्य गर्दा स्वास्थ्य शाखा प्रमुखको समन्वयमा गर्नेछ । खरिद सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

(२) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत गराउनु पर्नेछ ।

(३) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा गाउँपालिकामा गठित खरिद इकाई समितिले  तयार गर्नेछ ।

२४. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि यस गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

२५. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था यस गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिले १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धि विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

# परिच्छेद : ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिको स्थानीस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य सम्पादन गराउन निर्देशन दिने छ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :**

(१) गाउँपालिको राष्ट्रिय र प्रादेशिक निति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सो बाट पर्न आउने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस बमोजिम  कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारबाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

# परिच्छेद : ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने ।**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईएका रोगहरुको विवरण सम्बन्धीत स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्बसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउनु सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी रोकथाम तथा नियन्त्रण गर्नको लागि गाउँपालिकाले कार्यविधी वनाई लागु गर्न सकिनेछ ।

**३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि रुरु गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य बस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारबाही गर्न सकिनेछ ।

**३२. सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(२) उपदफा १ अनुसार अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछ।

(३) घर निर्माण गर्दा शौलालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने पक्षले तिर्नुपर्नेछ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ।

## परिच्छेद - ८

## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल संचालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धीत वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा बातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनपर्नेछ।

(३) सिफारिसका लागि यस गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

३४.गाउँपालिकाले एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ र उक्त सेवा संचालन गर्न छुट्टै कार्यविधि निमार्ण गर्न सक्नेछ

**३५. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने** :स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई यस गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

३६. आमा समुह, धामीझाक्री र आम्ची सेवाको अभिलेख अध्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

३७. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

३८. गाउँपालिकाले आधारमूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३९. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको ओदशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४०. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयन लागि गाउँपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४१. संक्रमणकालीन व्यवस्था** : यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**४२. बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४३. स्वास्थ्य उपचार कोषको व्यवस्था** : गाउँपालिकामा एउटा स्वास्थ्य उपचार कोष रहने छ । उक्त कोषको सञ्चालन तथा व्यवस्थापन गाउँपालिकाले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

**४४. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नेपालको संविधान, संघीय कानून तथा प्रदेशकानूसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

प्रमाणिकरण मिति :२०७५।०६।२६

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत